"कृषि, पर्यटन र व्यापार; समृद्ध नमोबुद्धको आधार"

# नमोबुद्ध नगरपालिका

## नमोबुद्ध नगरपालिका

## ན་མོ་བུདྡྷ་ ན་གར་པ་ལི་ཀ།

# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

☎ ०११-४०४०३१
०११-४०४०६८

पत्र संख्याः २०८३/८४ | मितिः २०८३/०५/०४

चलानी नं.: | ने.सं.: ११४६

---

## बीउ आलुको माग संकलन गर्ने सम्बन्धी सूचना !!!

(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०४)

प्रस्तुत विषयमा यस नमोबुद्ध नगरपालिकाको आ.व. २०८३/८४ मा ५० प्रतिशत अनुदानमा बीउ आलु वितरण कार्यक्रम सञ्चालन गरिने भएको हुँदा यस नमोबुद्ध नगरपालिका भित्रका ईच्छुक कृषक, कृषि फर्म, कृषक समूह, कृषि सम्बन्धी समिति, कृषि सहकारीहरुले देहाय बमोजिमका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र रितपूर्वक आवेदन यस नगरपालिकाको कृषि विकास शाखामा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्तिम दिनमा सार्वजनिक बिदा परेमा त्यस दिनको भोलिपल्ट कार्यालय समयभित्र आवेदन पेश गर्न सकिनेछ।

**तपसिलः**

१. माग निवेदन
२. सम्बन्धित वडा कार्यालयको सिफारिस
३. कृषि फर्म, कृषक समूह, कृषि सम्बन्धी समिति, कृषि सहकारीको हकमा संस्था दर्ता प्रमाणपत्र, प्यान नम्बर र गत आ.व. को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. कृषक समूह, कृषि सम्बन्धी समिति, कृषि सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि
५. स्पष्ट बुझिने नागरिकता वा नेपाल सरकारद्वारा जारी फोटो सहितको परिचय खुल्ने कागजातको प्रतिलिपि
६. स्पष्ट बुझिने जग्गा लालपुर्जाको वा भाडा/लिजको जग्गा भएमा सम्झौतानामाको प्रतिलिपि

*थप जानकारीका लागि सम्पर्क नं.:९८४८८४४४२४, ९८६४८६५५४२*

**बोधार्थ,**

श्री वडा कार्यालय सबै – वडा कार्यालयको सूचना पाटीमा सूचना टाँस गरिदिनु हुन तथा आवश्यक समन्वय गरिदिनु हुन।
श्री सूचना प्रविधि शाखा – यस नगरपालिकाको आधिकारिक फेसबुक पेज र वेवसाइटमा सूचना राखि दिनु हुन तथा सबै वडा कार्यालयलाई ईमेल समेत गरिदिनु हुन।

..............................
(सुषमा महता के.सी.)
प्रमुख प्रशासकीय अधिकृत